# नेपाल ग्रामीण विकास बैंक लि.

प्रधान कार्यालय, बुटवल, रुपन्देही

फोनः ०७१-४३८९५४, ४३८९२९ फ्याक्सः ०७१-४३८९५४

वेवसाइटः grameenbanknepal.com, ईमेलः info@grameenbanknepal.com


## दोश्रो वार्षिक साधारणसभा बस्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७३/९/१३)

यस बैंकको मिति २०७३/९/१२ गते बसेको सञ्चालक समितिको ७४ औं बैठकको निर्णयानुसार बैंकको दोश्रो वार्षिक साधारणसभा देहायका विषयउपर छलफल गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**

**मिति : २०७३ माघ १४, गते शुक्रबार, तदनुसार जनवरी २७, २०१७**

**समय : बिहान ११:३० बजे ।**

**स्थान : रुपन्देही व्यापार संघको सभाहल, बुटवल ६, रुपन्देही ।**

**छलफलका विषयहरु**

**क) साधारण प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व.२०७२/०७३ को वार्षिक प्रतिवेदनउपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२ लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तको वासलात, आ.व. २०७२/०७३ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण (अनुसूची सहित) उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ को दफा ६० तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७३/०७४ को बाह्य लेखापरीक्षण गर्न लेखापरीक्षण समितिवाट सिफारिश भए मुताविक लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल वहालवाला लेखापरीक्षक श्री जि.एण्ड जि. एसोसियट्स,चार्टर्ड एकाउन्टेन्टस् पुनः नियुक्तिका लागि ग्राह्य हुनुहुन्छ ।)

**ख) विशेष प्रस्ताव :**

१. नियमनकारी निकायका निर्देशन लगायत अन्य कारणबाट बैंकको प्रबन्धपत्र तथा नियमावली २०७१ मा कुनै शंसोधन परिमार्जन थपघट वा परिवर्तन गर्नु पर्ने अवस्था भएमा सोका लागि संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने प्रस्ताव पारीत गर्ने सम्बन्धमा ।

**ग) विविध :**

संचालक समितिको आज्ञाले,

**दिपक प्रसाद पाण्डे**

**कम्पनी सचिव**

### साधारणसभा सम्बन्धी थप जानकारी :

१. वार्षिक साधारणसभा प्रयोजनको लागि मिति २०७३/९/२१ गतेदेखि मिति २०७३/१०/१४ गतेसम्म बैंकको शेयरधनी दर्ता किताब बन्द रहनेछ ।

२. मिति २०७३/९/२० गते सम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भएको शेयर नामसारीहरु मिति २०७३/९/२९ गते कार्यालय समयभित्र यस संस्थाको शेयर रजिष्ट्रार श्री प्रभु क्यापिटल लि. कमलादी, काठमाण्डौमा बुझाउनु हुन अनुरोध छ । उक्त समयभित्र भएका शेयर नामसारीहरु तोकिएको समयभित्र प्राप्त नभएमा कम्पनीको दोश्रो वार्षिक साधारणसभा प्रयोजनका लागि समावेश गरिने छैन ।

३. वार्षिक साधारणसभामा भाग लिन आउँदा शेयरधनीहरुले आफ्नो परिचय खुल्ने प्रमाणपत्र अनिवार्य रुपमा लिई आउनुपर्नेछ ।

४. शेयरधनी महानुभावहरुले कम्पनी ऐन २०६३, अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन तथा वार्षिक साधारणसभा सम्बन्धी अन्य जानकारीहरु बैंकको प्रधान कार्यालय बुटवल रुपन्देहीमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्नु हुनेछ । साथै, साधारणसभा सम्बन्धी जानकारी बैंकको वेवसाइट www.grameenbanknepal.com मा समेत राखिएको छ ।

५. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुबिधाका लागि हाजिरी किताब सभास्थलमा सभा हुने दिन बिहान १०.०० बजेदेखि खुल्ला रहनेछ ।

६. सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले यस बैंकको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ ।

७. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त हर्ने शेयरधनीले प्रतिनिधि पत्र (प्रोक्सी फारम) साधारणसभा हुनुभन्दा कम्तीमा ४८ घण्टाअगावै अर्थात २०७३/१०/१२ गते बिहान ११.३० बजेभित्र बैंकको प्रधान कार्यालय बुटवलमा दर्ता गरिसक्नु पर्नेछ ।

८. प्रतिनिधि मुकरर गरिसकेपछि बदर गर्न चाहेमा सभा हुने दिन हाजिरी पुस्तिका खुलुअघि सभा स्थलमा pkl:ylt e0{लिखित सूचना दिनुपर्नेछ ।

९. सभामा भाग लिन आए वापत यातायात खर्च, खाजा खर्च वा अन्य कुनै किसिमको रकम बैंकले प्रदान गर्ने छैन ।

१०. सभा सम्बन्धी अन्य जानकारीको लागि बैंकको प्रधान कार्यालय स्थित फोन नं.०७१-४३७५२९ वा ४३८९५१ (एक्स्टेन्सन नं. ४४) मा सम्पर्क राख्नुहुन अनुरोध छ ।